विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

# शिलवन्दी वोलपत्र आव्हानको सूचना

*सूचना : ०८/०७५।७६ पहिलो पटक प्रकाशित मिति : २०७५।१२।०४*

यस कार्यालयबाट तपसिलमा उल्लेखित कार्य शिलवन्दी वोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रीत पूर्वकको वोलपत्र आव्हान गरिन्छ ।

१) यो सूचना पहिलो पटक प्रकाशित मितिले ३० औं दिन भित्र कार्यालय समयमा उल्लेखित राजस्व दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) वोलपत्र खरिद गर्ने निवेदनका साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता ईजाजतपत्र, स्थायी लेखा नम्वर प्रमाण पत्र र मुल्यअभिवृद्धि कर दर्ता-प्रमाण पत्र तथा आ.व. ०७४।०७५ सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२) खरिद भएका वोलपत्र यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि ठेक्का नं., कामको विवरण, वोलपत्रको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलवन्दी लाहाछाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्नेछ ।

३) कार्यालयवाट विकी भएका वोलपत्र पुस्तिकामा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी सहिछाप गरि पेश गर्नु पर्नेछ ।

४) दर्ताभएका वोलपत्र सोही दिनको १:०० बजे वोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ तर वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५) वोलपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) वोलपत्र जमानत वापतको तपसिलमा उल्लेखित रकम प्रभु बैंक, विहादी शाखा विहादी ०४ भुसालचोक पर्वतमा यस कार्यालयको नाममा रहेको ग ३ धरौटी खाता नं. १७२००२०११४९८४६००००४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा जारी भएको, वोलपत्र पेश गर्ने अन्तिम मितिवाट (९०+३०) १२० दिनसम्म म्याद भएको विडवण्ड पेश गर्नु पर्नेछ ।

७) वोलपत्र दाताले वोलपत्र दररेट भर्दा मूल्य अभिवद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । वोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा वोलपत्र दाताको सहि छाप भएको हुनुपर्नेछ ।

८) कालो सुचिमा नपरेको स्वय घोषणापत्र वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९) एक फर्मको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

१० कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक वोलपत्र/ स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११) ईच्छुक वोलपत्र दाताले **E-procurement** मार्फत www.bolpatra.gov.np/egp मा गई थप जानकारी प्राप्त गर्न, वोलपत्र **Download** गर्न र वोलपत्र दाखिला गर्न समेत सक्नेछन ।

१२) **E-bidding** गर्दा पेश गरिएका कागजातहरुको सक्कल कागजातहरु कार्यालयले माग गरे अनुसार उपलब्ध गराउनु पर्नेछ । सो को जानकारी सम्बन्धित वोलपत्र दाताको ईमेल ठेगाना मार्फत गराईनेछ ।

१३) **E-bidding** डकुमेन्टको लागि रकम जम्मा गर्ने बैंक
*बैंकको नाम :-* प्रभु बैंक, विहादी शाखा विहादी ०४ भुसालचोक पर्वत, कार्यालयको कोड नं ३६५००४२०१
राजश्व शिर्षक नं १४२२९ खाता नं. १७२००२०११४९८४६००००१

१४) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

**कामको विवरणहरु :**

| सि.नं | ठेक्का नं. | कामको विवरण / स्थान | कुल ल.ई. रकम रु(मु.अ.क.र कन्टिन्जेन्सि बाहेक) | धरौटी रकम | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १. | bihadi/parbat/NCB/Works/Civil/08/075/076 | बिहादि गाउपालिका, पर्वतमा बहुध्देशिय सभाहल निर्माण कार्य | १,१५,०६,३४८।४८ | रु ३,२५,०००/- | रु. ३,०००/- |

प्रमुख प्रशासकीय अधिकृत